राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस विज्ञप्ति

२०७५ असार १८

## गंगामायाको जीवन रक्षाको लागि तत्काल प्रभावकारी कदम चाल्न आग्रह

न्याय प्राप्तीको आधारभूत विषयलाई लिएर वीर अस्पतालमा अनसनरत गंगामाया अधिकारीको स्वास्थ्य अनवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगका माननीय सदस्य सुदिप पाठकको नेतृतवमा अधिकृत सम्मिलित टोलीले आज निजको स्वास्थ्य अवस्था सम्वन्धमा पुन: अनुगमन गरेको छ ।

छोरा कृष्णप्रसाद अधिकारीको हत्याको छानविन र दोषी उपर कानूनी कारवाहीको माग गर्दै अनसनरत गंगामायाको स्वास्थ्य अवस्थाको वारेमा आयोगले निरन्तर अनुगमन गरिरहेको छ । लामो समय देखि अनसनमा वस्दा गंगामायाको स्वस्थ्य अवस्था अत्यन्त गंभिर र जटिल वन्दै गएको पाइएको छ । विरामीलाई इन्फेक्सन हुनसक्ने कारण देखाई कसैलाई पनि भेटघाट गर्न नदिईएको समेत अस्पताल प्रशासनले जनाएको आयोगको अनुगमनबाट पाइयो । आयोगले उक्त घटनाको अनुसन्धान गरी दोषी उपर फौजदारी अभियोगमा कारवाही चलाउन र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनसमेत २०६५ चैत २३ गते नेपाल सरकारलाई सिफारिश गरेको थियो ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकार कानूनद्वारा प्रदत्त छिटो र स्वच्छ न्याय पाउने अधिकारबाट कसैलाई पनि वञ्चित गर्न नहुने तथा शीघ्र न्याय प्राप्त भएमा मात्रै मानव अधिकारको संरक्षण र सम्मान हुनेमा विश्वस्त हुदै निज गंगामाया अधिकारको स्वास्थ्य थप विग्रन नदिई जीवन रक्षाको लागि प्रभावकारी कदम चाल्न आयोगले पटक-पटक नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदा समेत बेवास्ता गरेको पाइएकोले तत्काल जीवनरक्षा र शिघ्र न्याय प्राप्तीको लागि समेत अविलम्ब प्रभावकारी कदम चाल्न आयोग सम्वद्ध सबै पक्षको पुन: ध्यानाकर्षण गराउँदछ ।

..........................
यज्ञप्रसाद अधिकारी
(निमित्त सचिव)


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org